सर्वोच्च अदालत तथा पुनरावेदन अदालत पाटनमा मध्यस्थता केन्द्रहरुको उद्घाटनको अवसरमा अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीद्वारा गरिएको संक्षिप्त सम्बोधन

(२०६३ मंसीर २१ गते)

सर्वोच्च अदालत तथा पुनरावेदन अदालत पाटनमा स्थापित मध्यस्थता केन्द्रहरुको उद्घाटन गर्ने यस अवसरमा उपस्थित हुन पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यु.एस.ए.आइ.डि./नेपाल र ARD ले सर्वोच्च अदालत, पुनरावेदन अदालत पाटन, नेपाल बार एसोसिएसन तथा उद्योग बाणिज्य महासंघसँग मिलेर नेपाली जनताका लागि विवाद-मध्यस्थताको सेवा पुऱ्याउने कार्यक्रम गर्दै आएका छन् । सर्वोच्च अदालत तथा पुनरावेदन अदालत पाटनमा मध्यस्थता केन्द्रहरुको स्थापना हुनु नेपालमा अदालतसम्बन्धी विषयहरुमा मध्यस्थता सेवाको उपलब्धतालाई साकार रुप दिनेतर्फ एउटा ठूलो कदम हो । यी केन्द्रहरुले मुद्दामामिलामा हुने ढिलाईलाई कम गर्ने हाम्रो संयुक्त प्रयासमा ठूलो योगदान दिनेछन् । त्यसैले यु.एस.ए.आइ.डि./नेपाल (नेपालस्थित अमेरिकी नियोगको एउटा अंग), अमेरिकी गैरसरकारी संस्था ARD, अदालतहरु, नेपाली वकीलहरु तथा व्यवसायीहरुबीचको यो सहकार्यलाई धन्यवाद दिन पाउँदा मलाई विशेष खुशी लागेको छ ।

हामी सबै यो कुरामा सहमत छौं कि मध्यस्थताले झगडालु पक्षहरुलाई आफ्ना विवादहरु छिटो र कम खर्चमा सुल्झाउन सहयोग पुऱ्याउँछ । तर ८० जना तालिमप्राप्त मध्यस्थकर्ताहरु हुनु र केन्द्रहरुको बारेमा यथेष्ट सूचना तथा जानकारी हुनुमात्र पनि पर्याप्त हुँदैन । अदालतमा मध्यस्थताको प्रक्रिया शुरु गर्ने र टुंगोमा पुऱ्याउने कामको प्रबन्ध गर्न यी केन्द्रहरु प्रत्यक्ष रुपमा देखिने गरी उपलब्ध हुनुपर्दछ । वास्तवमा यी मध्यस्थता केन्द्रहरुको उद्देश्य पनि यही नै हो ।

यु.एस.ए.आइ.डि./नेपाल र ARD द्वारा गतवर्ष सञ्चालित मध्यस्थता तालिम कार्यक्रमहरुमा मैले धेरैपटक बोल्न पाएको थिएँ । उक्त संस्थाहरुको तत्वावधानमा ८० मध्यस्थकर्ताहरुले तालिम प्राप्त गरेकाछन् । ५६ घण्टा लामो उक्त तालिममा उनीहरुले सिकेको सीप र दक्षतालाई व्यवहारमा लागु गर्न हामीले मौका दिनुपर्दछ । सर्वोच्च अदालत तथा पुनरावेदन अदालत पाटनमा स्थापित यी मध्यस्थता केन्द्रहरुले यो काम गर्नेछन् र तालिमलाई फलदायी बनाउनेछन् ।

संयुक्त राज्य अमेरिकामा मध्यस्थता केन्द्रहरु जति धेरै दक्ष र व्यवस्थित हुन्छन्, त्यत्तिनै धेरै विवादहरु ती केन्द्रहरुमा आउने गरेको हामी पाउँछौं । र यी विवादहरुलाई ती केन्द्रहरुले सुल्झाउँछन् पनि । यस प्रयासमा मध्यस्थता केन्द्रका कर्मचारीहरुको अहम भूमिका हुनेगर्दछ । उनीहरुको प्रतिबद्धता र उत्साह यी केन्द्रहरुलाई प्रभावकारी ढंगले मध्यस्थताकार्यमा प्रोत्साहित गर्न र सघाउनका लागि अपरिहार्य हुन्छ । त्यसैले म मध्यस्थता केन्द्रका कर्मचारीहरुलाई यहाँबाट प्रदान गरिने सेवाहरुमा विशेष ध्यान दिन आग्रह गर्दछु ।

यहाँनेर म अमेरिकाको नर्थ क्यारोलिना राज्यमा रहेका मध्यस्थता केन्द्रहरुको सञ्जाल (Mediation Network of North Carolina) को वार्षिक प्रतिवेदनबाट प्राप्त केही तथ्यांकहरु तपाईंसमक्ष उल्लेख गर्न चाहन्छु । आर्थिक वर्ष २००१/०२ मा

- २०,७२८ विवादहरु नर्थ क्यारोलिना राज्यमा रहेका जम्मा २५ वटा मध्यस्थता केन्द्रहरु आएका थिए ।
- उक्त २०,७२८ को ७४ प्रतिशत अर्थात १५,४५४ विवादहरु अदालतका कर्मचारीहरुले पठाएका थिए । प्रष्ट छ, नर्थ क्यारोलिनाका अदालतहरुले मध्यस्थताकार्यको जोडदार समर्थन गर्दछन् ।
- प्राप्त भएका सबै मुद्दाहरुमा मध्यस्थता गरिएको थिएन । जम्मा १५,४१७ मुद्दामा मात्रै मध्यस्थता गरिएको थियो ।
- मध्यस्थता गरिएका १५,४१७ मध्ये ९१ प्रतिशत अर्थात १४,०७५ मुद्दाहरु टुंगिएका थिए ।

न्यायाधीसहरु तथा अदालतका कर्मचारीहरुको सहयोगले मात्र यहाँ स्थापित मध्यस्थता केन्द्रहरु सफल हुन सक्छन् । माथिको तथ्यांकले पनि ७४ प्रतिशत विवादहरु अदालतका कर्मचारीहरुले मध्यस्थता केन्द्रहरुमा पठाएको कुरा बताउँछ । यसले मलाई के लाग्छ भने नेपालका अदालतहरुले आज उद्घाटन भएका मध्यस्थता केन्द्रहरुको सही उपयोग गरेर मुद्दाको छिनोफानोमा हुने ढिलाई कम गर्न तथा वादीप्रतिवादीलाई सही न्याय दिन सहयोग गर्नेछन् ।

माथिको तथ्यांकअनुसार ७४ प्रतिशत विवादहरु अदालतका कर्मचारीहरुले मध्यस्थता केन्द्रहरुमा पठाएको भएपनि यसरी पठाउन शिफारिस गर्ने काम वकिलहरुले गरेका थिए । त्यसैले वकिलहरुले सहयोग गरेमा मात्र मध्यस्थता सफल हुन्छ । अहिलेसम्म नेपाल बार एसोसिएसनले यसमा धेरै सहयोग गरेको छ । हामी यो सहयोग निरन्तर हुने र एसोसिएसनले न्यायाधीसहरुसँग सहकार्य गरि यी मध्यस्थता केन्द्रहरुलाई नेपालको न्यायप्रणालीमा एउटा महत्वपूर्ण अंगको रुपमा विकास गर्न सहयोग पुऱ्याउने आशा राख्छौं ।

मैले नेपालमा मध्यस्थताको उज्ज्वल भविष्य देखेको छु । यहाँ यी केन्द्रहरुले महत्वपूर्ण नागरिक सेवा पुऱ्याउनेछन् । सर्वोच्च अदालत तथा पुनरावेदन अदालत पाटनमा मध्यस्थता केन्द्रहरुको स्थापना हुनु यस दिशामा ठूलो फड्को हो ।

अमेरिकी राजदूतको नाताले पनि यस प्रयासमा संयुक्त राज्य अमेरिकाले योगदान गर्न सकेकोमा मलाई खुशी लागेको छ । यु.एस.ए.आइ.डि./नेपालले विगत ५५ वर्षदेखि अमेरिकी सरकार र जनताका तर्फबाट नेपाललाई विकास तथा मानवीय मामिलामा सहयोग पुऱ्याउँदै आएको छ । विवाद मध्यस्थतामा गरिएको यो सहयोग नेपाललाई अझ राम्रो बनाउन मेरो देशबाट भएको थप प्रयास हो ।

धन्यवाद ।